सरुमारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८३।०८४

च.न. ४४०

मितिः २०८३।०७।१३

श्री विषयगत शाखाहरु ।
श्री सबै वडा कार्यालयहरु ।
सरुमारनी गाउँपालिका, प्यूठान ।

बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८३।०७।१२ गते बसेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

.....

(अनिल बुढाथोकी)


प्रमुख प्रशासकीय अधिकृत


बैठक संख्या-८७

मिति २०८३।०७।१२ गते

गाउँकार्यपालिकाको सतासियौं बैठकका प्रस्तावहरुः

१. प्र.प्र.अ.को स्वागत तथा धन्यवाद सम्बन्धमा ।
२. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
३. विभिन्न योजनाहरुको मर्मत संभार सम्बन्धमा ।
४. भोटेकोशी-रसुवागढी विपद प्रभावित परिवार प्रति समवेदना तथा सहयोग सम्बन्धमा ।
५. नेवा साझेदारी योजना-गनाहको योजना सम्बन्धमा ।
६. माडी नदीको-ढुंगा, गिट्टी र वालुवा निकासी सम्बन्धमा ।
७. आर्थिक सहयोग सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।
   - गाउँपालिका अध्यक्षज्यूको भ्रमण सम्बन्धि जानकारी ।
   - उपभोक्ता समिति तालिम सम्बन्धमा ।
   - खेलाडी सहयोग सम्बन्धमा ।





बैठक संख्या-८७
मिति २०८३।०७।१२ गते
गाउँकार्यपालिकाको सतासियौं बैठकका निर्णयहरु

निर्णय नं. १ प्र.प्र.अ.को स्वागत तथा धन्यवाद सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकामा २०८१ चैत्र १३ गते देखि यस कार्यालयमा हाजिर भई प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत श्री त्रिविक्रम खड्का ज्यूको नेपाल सरकारको निर्णय अनुसार हुलाक सेवा विभागमा सरुवा भई जानु भएकोले उहाँले यस कार्यालयमा पुर्याउनु भएको योगदानको सम्मान गर्दै उहाँको उत्तरोत्तर प्रगतिको कामना सहित धन्यवाद प्रकट गर्दै राष्ट्रिय सतर्कता केन्द्रबाट यस कार्यालयमा आउनु भएका नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृत श्री अनिल बुढाथोकीलाई यस गाउँकार्यपालिकाको तर्फबाट निजको सफल कार्यकालको कामना सहित स्वागत गरियो ।

निर्णय नं. २ गत बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव २ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको गत बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था, उपभोक्ता समितिहरुको गठन, कार्यालयहरुको सेवा प्रवाह लगायतका विषयमा छलफल तथा समीक्षा गरियो ।

निर्णय नं. ३ विभिन्न सडकहरुको मर्मत संभार सम्बन्धमा ।

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस वर्षको वर्षात सँगै सडकहरु अवरुद्ध भई सडक आगमन खुलाउन मर्मत संभार शीर्षकबाट निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो।

तपशिल

क्र.स.	योजना/कार्यक्रमको नाम	ठेगाना	विनियोजन बजेट रु.	कैफियत
१	ददेरी खानेपानी मुहान संरक्षण र मर्मत	वडा न.२	७५,०००/-	
२	विभिन्न सिचाई योजना मर्मत तथा संचालन	वडा नं.१	७५,०००/-	
३	राङ्गवाङ्ग-करमबास-रत्ने मो.बा.मर्मत	वडा नं.५	५०,०००/-	
४	झिलिवाङ्ग-कोटघर मो.बा. मर्मत	वडा नं.१	५०,०००/-	
५	कास्कोट-बागेशाल मो.बा. मर्मत	वडा नं.३	२५,०००/-	
६	विभिन्न सडक मर्मत संभार	वडा नं.४	१,२५,०००/-	
७	जस्पुर-गोलधारा-कुथुर्के मो.बा. मर्मत	वडा नं. ५	५०,०००/-	
८	विभिन्न सडक मर्मत योजना	वडा नं.६	२,००,०००/-	
९	विभिन्न सडक मर्मत योजना	वडा नं.५	५०,०००/-	
१०	विभिन्न सडक मर्मत योजना	वडा नं.३	५०,०००/-	
	जम्मा		७,५०,०००/-	

अनिल बुढाथोकी प्रशासकीय

गाउँपालिका कार्यपालिकाको कार्यालय वदहाँडा मुहान लुम्बिनी प्रदेश, नेपाल २०७३

विश्वकर्मा अध्यक्ष

निर्णय नं. ४ भोटेकोशी-रसुवागढी विपद प्रभावित परिवार प्रति समवेदना तथा सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गत २०८३, भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीमा परी सरूमारानी गाउँपालिका वडा नं. ४, बेर्गीगाउँ निवासी श्री नमी कुमारी सोमैको श्रीमान अपर त्रिशुली -२१६ जलविद्युत आयोजनामा व्हिल लोडर अपरेटर पदमा कार्यरत किसान सोमै मगरको मृत्यु भएको दुःखद घटना प्रति गाउँपालिकाको तर्फबाट गहिरो दुःख व्यक्त गर्द हार्दिक श्रद्धान्जली व्यक्त गरियो । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं।

साथै, उक्त प्राकृतिक विपद्का कारण ज्यान गुमाउनुभएका स्वर्गीय किसान सोमै मगरको श्रीमती नमी कुमारी सोमै मगरलाई विपद्का कारण परेको क्षतिमा राहत पुऱ्याउने उद्देश्यले सरूमारानी गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७४ (प्रथम संशोधन,२०८१) को परिच्छेद-३ को ९(२) बमोजिम विपद् व्यवस्थापन कोषबाट रु. १,००,०००।-(अक्षरेपी एक लाख रुपैयाँ मात्र) सम्बन्धित परिवारलाई सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ नेवा साझेदारी योजना-गनाहको योजना सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा) बीच भएको सहमती अनुसार चालू आ.व.२०८३।०८४ को लागि स्वीकृत वार्षिक योजना अन्तर्गत सरुमारानी गाउँपालिका वडा नं.२ को गनाहा लिफ्ट खानेपानी योजना अधुरो भएकोले खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, विजुवार प्यूठानको २०८३।५।१८, च.नं. ३४ को सहमती पत्र अनुसार योजनाको ईनार पहिले नै निर्माण भएको उक्त स्थानको खानेपानी योजना गाउँपालिका र नेवाको साझेदारी सम्पन्न गर्दा खानेपानी तथा सरसफाई कार्यालय, प्यूठानलाई कुनै समस्या नहुने र बजेट पनि विनियोजन नभएको भनी जानकारी भए अनुसार उपभोक्ताको माग अनुसार उक्त आयोजना थप बस्तीमा विस्तार गरी सम्पन्न गरिपाउँ भनी उपभोक्ताको आमभेलाबाट समेत माग भएकोले यस गाउँपालिकालाई थप आर्थिक भार नपर्ने गरी तहाँ परियोजनाबाट आयोजनाको पुनः सर्भेक्षण गरी सम्भव भए सम्म चालु आ.व.मै नभए आगामी वर्ष सम्पन्न हुने गरी आर्थिक तथा प्राविधिक सहयोगको लागि नेपाल स्वास्थ्यका लागि पानी (नेवा)लाई अनुरोध गरिएको विषयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न.६ माडी नदीको ढुंगा, गिट्टि बालुवाको निकासी सम्बन्धमा।

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत माडीनदीका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उन्खनन संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागि यस कार्यालयबाट मिति २०८३।०७।१२ गते १५ दिने बोलपत्र सूचना आव्हान गर्ने, सो अवधिमा कुनै फर्मबाट निवेदन पर्न नआएमा लुम्बिनी प्रदेश सरकारको

नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक खपतको प्रयोजनको लागि माडी खोला क्षेत्रका कुडुले, नौघाट (माथिल्लो र तल्लो), खरानीघाट (दोमही माथी) र पनाहा घाट क्षेत्रबाट ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना गरी कुडुले घाटबाट निकालिने नदिजन्य पदार्थको ४ नं. वडा कार्यालय र नौघाट, खरानी घाट र पनाहा घाटबाट निकालिने नदिजन्य पदार्थको ३ नं. वडा कार्यालयबाट नगदी रसिद काटी निकासी गर्ने निर्णय गरियो।

साथै, लुम्बिनी प्रदेश सरकारको चालू आ.व.मा स्वीकृत प्रदेश आर्थिक ऐन,२०८३ अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागि पहाडी जिल्लाको लागि तोकिएको दर रु. ८ रुपैंया प्रति क्यूफिटका दरले प्रतिटेक्टर रु. ६४०/- भ्याट सहित (पहाडमा एक टेक्टरमा २ घनमीटर बोक्ने अनुमानका आधारमा) दरले राजश्व लिने निर्णय गरियो ।

निर्णय नं. ७ आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकामा विभिन्न व्यक्ति तथा संस्थाले विभिन्न कार्यक्रम तथा उपचारको लागि सहयोग माग गर्नु भएको कार्यालयबाट उपलब्ध गराईएका तपसिलका आर्थिक सहयोगलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

क्र.सं.	आर्थिक सहयोग प्राप्त व्यक्ति/अभिभावक वा संस्था	ठेगना	सहयोग रकम	भुक्तानी शिर्षक	उदेश्य
१	कमला कामी	वडा नं.३	१०,०००/-	विपन्न आर्थिक सहायता	स्वास्थ्य उपचार
२	गणेश रेश्मी/पालसीं रेश्मी	वडा नं.४	२५,०००/-	,,	,,
३	मंगलीकामी/शिवलालसुनार	वडा नं.३	१०,०००/-	,,	,,
४	हलचल योगी	प्यूठान न.पा. २	२०,०००/-	,,	,,
५	डेम बहादुर गुरुङ्ग/दानी कुमारी गरुङ्ग	वडा नं.३	१५,०००/-	दीर्घरोग सहायता कार्यक्रम	,,
६	खगेश्वर शर्मा/दुरपता देवी शर्मा	वडा नं.१	२५,०००/-	,,	,,
७	कोठी हिमाल अल्लो कपडा उद्योग	नैवहिनी-६ बाहाने	१५,०००/-	अन्य संघसंस्था सहायता	आगलागीबाट हुन गएको क्षति वापत
८	खड्केश्वरी दुर्गाभवानी मन्दिर निर्माण समिति	वडा नं. ३	१५,०००/-	अन्य संघसंस्था सहायता	पूजाआजा

अनिल बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णय नं. ८ विविध सम्बन्धमा ।

- **गाउँपालिका अध्यक्षज्यूको भ्रमण सम्बन्धी जानकारी ।**
  गाउँपालिका राष्ट्रिय महासंघ केन्द्रिय समितिको च.न. ५९, मिति २०८३।०७।०१ गतेको अध्ययन अवलोकन भ्रमणमा सहभागिताको विषयको पत्र अनुसार यस गाउँपालिकाका अध्यक्षज्यू छनौट हुनु भएकोले उहाँको भ्रमणको विषयमा कार्यपालिकामा जानकारी भयो ।

- **उपभोक्ता समिति तालिम सम्बन्धमा ।**
  यस गाउँपालिकामा चालु आ.व.२०८३।०८४ देखी योजना कार्यान्वयन तथा संचालनको लागि गठन भएका सबै प्रकारका उपभोक्ता समितिहरुलाई उपभोक्ता समिति योजना संचालन, व्यवस्थापन र दर्ता सहितको एक दिने अभिमुखीकरण कार्यक्रम सम्बन्धित वडा संग समन्वय गरी संचालन गर्ने निर्णय गरियो ।

- **खेलाडी सहयोग सम्बन्धमा ।**
  प्यूठान नगरपालिका वडा नं. ३ को आयोजनामा हुने अन्तरपालिका स्तरीय खुला पुरुष भलिवल प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागी हुने खेलाडीहरुको टिम दर्ता, खानेबस्ने तथा नास्ता वापत गाउँपालिकाको तर्फबाट रु.२०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८३/०७/१३

२०८३/७/१३
अनिल बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बदुडाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८३/०७/१३
झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

CamScanner